# बैठक नं. - उन्नाइसौं
# मितिः २०७५।०१।२३ गते आइतबार

**निर्णयहरु :** उपर्युक्त प्रस्तावहरुमा छलफल गरि निम्न निर्णयहरु सर्बसम्मत रुपले पारित गरियो ।

**निर्णय नं. १**

यस नगरपालिका वडा नं. १ का वडा अध्यक्ष श्री वीरबल केसीकी ममतामयी आमा मु.न.पा. १, मठ निबासी सावित्रा केसीको मिति २०७५।०१।२० मा ८४ वर्षको उमेरमा भएको असामयिक निधनप्रति हार्दिक श्रद्धान्जली ब्यक्त गर्दै शोकाकुल परिवारजनमा गहिरो समबेदना ब्यक्त गर्ने ।

**निर्णय नं. २**

क) यस नगर क्षेत्रभित्र उद्योग बाणिज्य क्षेत्रलाई थप ब्यबस्थीत रुपमा अगाडी बढाउन जिल्ला स्तरिय उद्योग बाणिज्य संघसँग कम्तीमा चौमासिक रुपमा नगरपालिकामा सयुंक्त बैठक बस्ने ।

ख) नगर क्षेत्रभित्र उद्योग बाणिज्य सम्बन्धी महोत्सव आयोजना गर्नुपूर्ब नगरपालिकाको स्वीकृत अनिबार्य लिनुपर्ने ।

ग) रुकुम यातायात प्रा.लि., ग्राण्डी इन्टरनेशनल होलीडेज प्रा.लि. र युवा सञ्जाल रुकुमको सयुंक्त आयोजनामा रुकुम पर्यटन तथा साँस्कृतिक महोत्सब २०७५ बैशाख २१ गतेदेखि यस मुसीकोट नगरपालिका वडा नम्बर १ को बह्राटाकुरामा संञ्चालन गर्नका लागि अनुमति माग भइ आए बमोजिम यस नगरपालिकाको च.नं. १००८, पत्र संख्या २०७४।०७५ र मिति २०७५।०१।०७ को पत्र मार्फत महोत्सब संञ्चालन गर्न अनुमती दिइएको र तोकिएको मितिमा आयोजकले महोत्सब संञ्चालनको कार्य प्रारम्भ गरेको नपाइएको र तत्पश्चात आयोजकबाट नगरपालिकासँग औपचारिक रुपमा कुनै जानकारी प्राप्त हुन नआएको र समन्वय पनि नहुनुका साथै सार्बजनिक संञ्चार माध्यमबाट आफुखुसी मिति तय गरि प्रचार प्रसार समेत गरेको भन्ने बुझिन आएकोले उक्त महोत्सब संञ्चालन गर्न यस नगर कार्यपालिकाबाट दिइएको अनुमतिलाई स्थगन गर्ने ।

**निर्णय नं. ३,**

यस नगरपालिकाको २ ठाउँमा ल्याब संञ्चालन गर्ने भनिएकोमा हाललाई वडा नम्बर ६ को झुल्खेतमा ल्याब जडान तथा संञ्चालनका लागि सामाग्री एबं औषधी समेत आइसकेको हुदाँ तत्काल ल्याब जडान गरि संञ्चालनमा ल्याउने ।

**निर्णय नं. ४,**

क) यस नगर कार्यपालिकाको मिति २०७४ चैत्र २७ गतेको निर्णय बमोजिम आ.ब. २०७४।०७५ का लागि स्वीकृत योजनाहरु मध्ये २०७४ चैत्र मसान्तसम्म सम्झौता हुन बाँकी रहेका योजनाका फाइलहरु प्राबिधिक लागत अनुमान तयारी गरि २०७५ जेठ मसान्तभित्र काम सम्पन्न गर्ने गरि सम्झौता गर्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

ख) वडा नम्बर ९ मा रहेको धोर्देखोला दल्लुगैरा खानेपानी योजनाको शिर्षक हुनु पर्नेमा भूलबश होलतरा खानेपानी योजना भएको र हाल धोर्देखोला दल्लुगैरा खानेपानी योजनाको काम समेत सम्पन्न भइसकेको हुदाँ उक्त योजनामा बिनियोजित रु. ३,००,०००।- ( अक्षरुपी तिन लाख रुपैयाँ मात्र) भुक्तानी दिने ।

**निर्णय नं. ५,**

यस नगरका वडा नम्बर ९ देखि १४ सम्मका लाभग्राहीहरुलाई सामाजिक सुरक्षा भत्ता बैंकिङ प्रणालीबाट उपलब्ध गराउन ९ देखि ११ सम्म वडाको एभरेष्ट बैंकलाई र १२ देखि १४ सम्म वडाका कृषि विकास बैंकलाइ खाता खोलिदिनका लागि अनुरोध गर्ने र त्यसको सहजीकरणका लागि सम्बन्धित वडाले आवश्यक सहयोग गर्ने ।

**निर्णय नं. ६,**

क) प्रथम नगर सभाले निर्धारण गरे बमोजिमको कर असुलीलाई थप प्रभावकारी बनाउन राजश्व शाखाले आर्थिक विकास समितिसँग समन्वय गरि कार्ययोजना सहित थप तदारुकता दिने ।

ख) मिति २०७५ श्रावण १ गतेदेखि लागु हुने एकिकृत सम्पत्ति कर सम्बन्धी आवश्यक प्रक्रिया तत्काल अगाडी बढाउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

**निर्णय नं. ७,**

आगामी नगर सभाको तयारीका लागि सम्बन्धित बिषयगत समितिका सचिबहरुले समन्वय गरि दिगो विकास लक्ष्यका सुचकहरुलाई समेत आधार मानी आ-आफ्नो क्षेत्रको नीति, योजना तथा कार्यक्रमको मस्यौदा तयार गर्ने ।

**निर्णय नं. ८,**

यस नगरको लागि मन्त्रालयबाट प्राप्त प्रस्तावित संगठन एबं ब्यवस्थापन तथा दरबन्दी तेरिज अनुसार शाखा तथा कार्यकक्ष ब्यवस्थापन गर्न यस भवनमा स्थान अभाव भएकोले नगर प्रमुख ज्युको प्रत्यक्ष सम्पर्कमा रहि सार्बजनिक सेवा तथा क्षमता विकास समितिले आवश्यक अध्ययन् गरि ३ दिन भित्रमा नगरपालिकामा प्रतिबेदन पेश गर्ने ।

**निर्णय नं. ९,**

यस मुसीकोट नगरपालिकाको लागि आवश्यक पर्ने थप ऐन कानुनहरुको मस्यौदा सम्बन्धित बिषयगत समिति एबं न्यायिक समितिसँग समन्वय गरि तयार गर्न बिधेयक समितिलाई जिम्मेवारी दिने ।

**निर्णय नं. १०,**

क) यस नगरको वडा नम्बर १४ मा पर्ने मध्यपहाडी लोकमार्गको औलाटाकुरी-कैनखोला-लोरीबाङ-घारी छिबाङज्युला सडक योजनाको सम्पन्न भएको कामको प्राबिधिक मुल्याङ्कन

तथा अनुगमन समितिको सिफारिस अनुसार सम्पन्न भएको कामको रकम रनिङ बिलको रुपमा भुक्तानी गर्ने ।

ख) २०७५ बैशाखको बिभिन्न मितिमा असिना पानी परी गहुँ जौं लगायतका हिउँदे बाली, बिउ बिजन तथा फलफूलमा भएको क्षेतिको यर्थात बिबरण यथाशिघ्र सम्बन्धीत वडा कार्यालयहरुले संकलन गरि नगर कृषि शाखामा बुझाउने ।

ग) न्यायिक समितिले उजुरीको कारबाही किनारा गर्दा अपनाउनु पर्ने कार्यबीधिका सम्बन्धमा ब्यबस्था गर्न बनेको ऐन, २०७४ को दफा ५९ उपदफा (१) बमोजिमका सुचकहरु उल्लेख गरि यस नगरपालिका अन्तरगत मेलमिलापकर्ताहरुको सुची तयार गर्न १५ दिनको म्याद राखि सुचना प्रकाशन गर्ने ।

घ) यस नगरपालिका अन्तरगत गरिबसँग विशेश्वर कार्यक्रम बिगतदेखि लागु भएका वडा नम्बर ६, ७, ८, १२, १३ र १४ (साबिकको साँख र छिबाङ गाबिस)का बिपन्न घरपरिवारहरुको सहभागितामा गठन भएका सामुदायिक संस्थाहरुको मागको आधारमा आय आर्जन तथा क्षमता विकास सम्बन्धी कार्यक्रम संञ्चालन गर्ने ।

अन्तमा बैठक सौह्रादपूर्ण वाताबरणमा सम्पन्न भएको नगर प्रमुखबाट घोषणा गरियो ।